

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ११६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख २७ गते मंगलबार ❑ 10 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## एमाले शान्तिपूर्ण र भयरहित निर्वाचनको पक्षमा छ : अध्यक्ष ओली

पोखरापत्र संवाददाता
पोखरा, २६ बैशाख

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले एमाले शान्तिपूर्ण र भयरहित निर्वाचनको पक्षमा रहेको बताउनुभएको छ।



अध्यक्ष ओलीले भयरहित र निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गराउन निर्वाचन आयोगलाई आग्रह पनि गर्नुभयो। नेकपा एमाले पोखरा महानगर कमिटीद्वारा सोमबार पोखरामा आयोजित चुनावीसभामा उहाँले जनताले नेकपा एमालेलाई विश्वास गरेको बताउँदै जनताबाट प्राप्त मतलाई सुरक्षित गरी मतगणनासम्म लैजान पार्टीका कार्यकर्ताहरुलाई निर्देशन पनि दिनुभयो।

एमाले सरकारमा रहँदा मुलुकमा विकासको लहर सुरु हुने र शासन व्यवस्थामा पनि सुधार आउने उहाँको दाबी थियो। उहाँले नेकपा एमालेलाई विभिन्न रुपमा सिध्याउने प्रयासहरू गरिएका भन्दै उहाँको आसन्न निर्वाचनमा एमालेले विजय हासिल ग विश्वास व्यक्त गर्नुभयो. भनाइ छ। पोखरासँग आफ्नो भावनात्मक सम्बन्ध रहेको बताउँदै अध्यक्ष ओलीले तीन वर्षको जेल जीवनका बसाइमा पोखरालाई राम्रैसँग चिन्ने र अनुभव गर्ने अवसर पाएको स्मरण गर्नुभयो।

वैशाख ३० गतेको निर्वाचनमा एमालेका उम्मेदवारलाई सूर्य चिह्नमा मतदान गरेर समृद्धि र विकासका पक्षमा उभिन उहाँले आग्रह गर्नुभयो। नेकपा एमालेका तर्फबाट पोखरा महानगरको प्रमुख पदका उम्मेदवार कृष्ण थापाले पोखरालाई संसारकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने प्रतिबद्धतासहित आफूहरू चुनावी अभियानमा जुटेको उहाँले बताउनुभयो। शिक्षा, स्वास्थलगायत आधारभूत आवश्यकतामा सबै जनताको पहुँच पुऱ्याउने र पोखरालाई उत्कृष्ट महानगरका रुपमा स्थापित गर्ने उहाँले बताउनुभयो।

उपप्रमुख पदका उम्मेदवार मञ्जुदेवी गुरुङले जनताको सेवक बनेर महानगरवासीलाई चुस्तदुरुस्त सेवा प्रवाह गर्ने बताउनुभयो। पोखरा महानगरलाई विकटबाट निकट बनाउन पूर्वाधार विकासका कामअघि बढाएको बताउँदै उहाँले महानगरलाई अझै सुन्दर बनाउन साहित्य, संस्कृति, पर्यटन लगायतका क्षेत्रमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## गण्डकी प्रदेशमा मुख्यमन्त्रीलाई आयोगको स्पष्टीकरण

पोखरापत्र संवाददाता
पोखरा, २६ बैशाख

निर्वाचन आयोगले गण्डकी प्रदेशमा मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई स्पष्टीकरण सोधेको छ।

आयोगले गरेको नियमित पत्रकार सम्मेलनमा आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सरकारी सवारीसाधन प्रयोग गरेर चुनाव प्रचारप्रसारमा गएकाले मुख्यमन्त्री पोखरेललाई स्पष्टीकरण सोधिएको बताउनुभयो।

उहाँले निर्वाचन आचारसंहिता २०७८ को दफा ५ को खण्ड (क) अनुसार मुख्ममन्त्री वा मन्त्री आफैँ उम्मेदवार भएको अवस्थामा बाहेक कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न नपाइने उल्लेख भएअनुसार मुख्यमन्त्री पोखरेललाई तीन दिनभित्र स्पष्ट जवाफ दिन स्पष्टीकरण सोधिएको जानकारी दिनुभयो। यस्तै राष्ट्रिय भूमि आयोगका अध्यक्ष बद्री तिमिल्सेना र उपाध्यक्ष नहेन्द्र खड्कालाई पनि स्पष्टीकरण सोधेको छ। आयोगका प्रवक्ता पौडेलका अनुसार आयोगका अध्यक्ष तिमिल्सेना र उपाध्यक्ष खड्काले मतदातालाई प्रत्यक्ष प्रभाव पार्न भरतपुर-११ गणेशपुरमा भूमिको निस्सा बाँडेको हो भन्ने शीर्षकको समाचार विभिन्न सञ्चारमाध्यमबाट जानकारीप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै तीन दिनभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिइएको छ। आयोगले गोरखापत्र दैनिकलाई वैशाख २२ गते 'गठबन्धनप्रति इमान्दार बन्न देउवाको आग्रह' भन्ने शीर्षकमा समाचार प्रकाशित गरेकामा स्पष्टीकरण सोधेको छ।

यस्तै उक्त शीर्षकको समाचारले कुनै राजनीतिक दलको प्रचार गर्न हो वा होइन भन्दै तीन दिनभित्र स्पष्ट पार्न भनिएको छ।

यस्तै वैशाख २५ गते 'बागी उम्मेदवारको प्रभाव नगण्य छ' भन्ने भरतपुर महानगरपालिकाका निवर्तमान प्रमुख रेणु दाहालको अन्तर्वार्ता छापिएको विषयप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै पत्र प्राप्त भएको २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएको आयोगका प्रवक्ता पौडेलले जानकारी दिनुभयो। उहाँले पत्रकारले कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन गर्न नपाइने बताउनुभयो।

यस्तै आयोगले उदयपुर जिल्लाको चौदण्डी नगरपालिकाले स्थानीय मतदातालाई प्रभावमा पारी राज्यको स्रोतको दुरुपयोग गरी टिनको जस्तापाता वितरण गरेको उजुरी आयोगमा परेकाले २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न भनिएको आयोगका प्रवक्ता पौडेलले बताउनुभयो।

## बागी उम्मेदवारका कारण पार्टी पराजित भए कसैलाई छुट हुदैन : प्रधानमन्त्री देउवा

रासस
काठमाडौं, २६ बैशाख

नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले आउने चुनावमा बागी उम्मेदवारका कारण पराजित भएमा पार्टीले छुट नदिने बताउनुभएको छ।

धनगढीमा सोमबार आयोजित चुनावीसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले बागी उम्मेदवारकै कारण पराजित भएमा पार्टीले बागी उम्मेदवारलाई कारबाही गर्ने बताउनुभएको हो। चुनावमा उठेका पार्टीका बागी उम्मेदवारलाई आ-आफ्नो उम्मेदवारी फिर्ता लिएर पार्टीका उम्मेदवारलाई विजयी गराउन उहाँले आग्रह गर्नुभयो।

प्रधानमन्त्री देउवाले वर्तमान संविधानले जथाभावीरुपमा संसद् विघटन गर्ने प्रावधान प्रधानमन्त्रीलाई नदिएको भए पनि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले बिनाकारण संसद् विघटन गर्दा आफूसहित नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एमालेका तत्कालीन नेता माधव नेपालले विरोध गरेको बताउनुभयो। उहाँले भन्नुभयो "संसद् भङ्ग गर्ने एमालेले संसद् पुनःस्थापित हुँदा पनि चल्न दिएको छैन, चुनाव जितेमा ओलीजीले फेरि त्यही काम गर्ने हुन्, त्यसैले आगामी सबै निर्वाचनहरु गठबन्धनले नै जित्नुपर्छ।" देउवाले सुदूरपश्चिम प्रदेश आफ्ना लागि अत्यन्त महत्वपूर्ण रहेको बताउँदै सुदूरपश्चिमकै कारण आफू देशको प्रधानमन्त्री भएको बताउनुभयो। देउवाले सुदूरपश्चिम प्रदेशको विकासका लागि आफूले सक्दो विकास गर्ने प्रतिबद्धता व्यक्त गर्दै खुटिया–दिपायल–बभ्राङसम्मको सडक, कर्णाली नदी किनारै किनार हुँदै अछाम जोड्ने सडक, निर्माणका लागि पहल गर्ने बताउनुभयो। प्रधानमन्त्री देउवाले विकासका लागि सुदूरपश्चिम प्रदेशलाई पहिलो प्राथमिकता दिएर आफूले काम गर्नेसमेत बताउनुभयो। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन दलहरुले देशलाई दुर्घटना हुनबाट जोगाएको बताउँदै यही गठबन्धनमार्फत् मुलुकमा स्थायीत्व कामय राख्दै नयाँ युगको सुरुआत गरिने बताउनुभयो। उहाँले अहिलेको गठबन्धन दलका शीर्ष नेताहरुबीच विवाद र असमझदारी सिर्जना गरेर गबन्धनलाई विभाजित गर्ने षडयन्त्र गर्ने तत्व सक्रिय रहेकोले सचेत हुनुपर्ने बताउनुभयो। अध्यक्ष प्रचण्डले ठूलो त्याग र बलिदानबाट प्राप्त राजनीतिक उपलब्धि र जनताका अधिकारको रक्षाका लागि गठबन्धन बनेको बताउँदै आउने चुनावमा गठबन्धन दलका साझा उम्मेदवारलाई विजयी बनाउन आग्रह गर्नुभयो। नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष प्रमेश हमालले नेकपा एमाले सर्वसत्तावादी चिन्तन बोकेर अगाडि बढ्दा देशमा समस्या आएको आरोप लगाउनुभयो।

सभामा नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री फरमुल्लाह मन्सुर, नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा आराजु राणा देउवा, धनगढी उपमहानगरपालिकाका प्रमुखका प्रत्यासी एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य नृपबहादुर वड, नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य दीर्घ सोडारीलगायतका वक्ताले गठबन्धनका उम्मेदवाहरुलाई मत दिएर जिताउन आग्रह गर्नुभयो। उपमहानगरपालिकाका प्रमुखका प्रत्यासी नृपबहादुर वडलाई समर्थन गर्नुभएका प्रमुखका स्वतन्त्र उम्मेदवार मदनकृष्ण भट्टलाई कांग्रेस सभापति देउवाले स्वागत गर्नुभएको थियो।

## जहाज र उडान सङ्ख्या वृद्धि गर्न नाट्टाको आग्रह

रासस
काठमाडौं, २६ बैशाख

नेपाल एसोसिएशन टुर्स एन्ड ट्राभल्स एजेन्टस् (नाट्टा)ले नेपाल वायुसेवा निगमलाई जहाज र उडानको सङ्ख्या वृद्धि गर्न आग्रह गरेको छ।

नाट्टाले सोमबार निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीलाई भेटेर नेपालको पर्यटन क्षेत्रको विकास र विस्तारका लागि निगमले जहाज र उडान सङ्ख्या वृद्धि गर्न आग्रह गरेको हो। मुलुकको पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि वायुसेवा निगमसँग भएको जहाज अत्यन्त न्यून भएकाले जहाजको सङ्ख्या वृद्धि गरी थप उडान गर्न सके नेपालको पर्यटन क्षेत्रमा अपेक्षित सुधार हुने नाट्टाले जनाएको छ।

नाट्टाका अध्यक्ष रमेश थापाले नेपालका दुर्गम तथा पहाडी क्षेत्रमा उडान वृद्धि गर्न मौसम र भूगोल सुहाउँदा साना जहाज थपेर सेवा विस्तार गर्न सकेमा विदेशी तथा आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो। यस्तै, विदेशबाट टिकट जारी हुँदा विदेशी एजेन्सीलाई दिएको एजेन्सी कमिशन नेपालबाट टिकट बिक्री गर्ने एजेन्सीलाई पनि दिनुपर्ने, कोभिडको समयमा एजेन्सीबाट पहिल्यै दिएको रकमको ब्याज फिर्ता गर्नुपर्ने, आन्तरिक पर्यटन प्रवर्द्धनका लागि गन्तव्यस्थलमा आन्तरिक उडान थप गर्नुपर्ने मागसमेत गरेको छ। नाट्टाले युरोप, अमेरिकालगायत विभिन्न देशमा उडान भर्नका लागि हालसम्म पनि नेपाल वायुसेवा निगम आइकाओको कालोसूचीबाट हटिनसकेकाले नेपाल वायुसेवा निगमले हाल गरिरहेको प्रयासलाई थप प्रभावकारी बनाई सरोकारवालासँगको संयुक्त प्रयासबाट आइकाओको सूचीबाट हट्न आवश्यक कदम अगाडि बढाउन अनुरोधसमेत गरेको छ।

नेपालबाट एयरलाइन्स तथा अध्यागमनको सबै प्रक्रियाहरू पूरा गरी 'बोर्डिङ पास' लिएर गन्तव्यमा प्रस्थान गरिसकेपछि विभिन्न कारणबाट गन्तव्यस्थलसम्म पुग्न नसकी यात्रु नेपाल फर्कन परेमा उक्त यात्रुको नेपाल फर्केको टिकटको खर्च नेपालको ट्राभल्स एजेन्सीबाट असुलउपर गर्ने प्रावधान खारेज गर्नसमेत माग गरेको छ। नाट्टाले नेपाल एयरलाइन्सले भर्खरै साउदी अरेबियाको रियादमा नयाँ गन्तव्य निर्धारण गरी उडान सुरु गरेको तथा भारतको बैङलोर र मुम्बई सहरमा उडान पुनः सञ्चालन गरेको भन्दै नेपाल एयरलाइन्सको व्यवस्थापन टोलीलाई धन्यवादसमेत दिएको छ। नाट्टाले नेपाल वायुसेवा निगमसँग विगतमा जस्तै सहकार्य गर्दै यसको विकास र विस्तारमा सकारात्मक योगदान दिने अध्यक्ष थापाले बताउनुभयो।


## मतदान केन्द्रमा मतपत्रसहित सामग्री पुग्यो

पोखरापत्र संवाददाता
दमौली, २६ बैशाख

यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि तनहुँका २९ मतदान केन्द्रमा मतपत्रसहित सामग्री पुगेको छ। देवघाट गाउँपालिका, घिरिङ गाउँपालिका र भिमाद नगरपालिकाका २९ मतदान केन्द्रमा मतपत्रसहितका सामग्री पुगेको हो।

मुख्य निर्वाचन अधिकृतको कार्यालय तनहुँका सहायक निर्वाचन अधिकृत कृष्ण गौतमले भौगोलिक दूरीले टाढा रहेका मतदान केन्द्रमा आज मतपत्रका साथ सामग्रीसहित कर्मचारी पुगेको जानकारी दिनुभयो। मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र र अन्य ६१ प्रकारका सामग्री जिल्ला निर्वाचन कार्यालयबाट उपलब्ध गराइएको छ।

दश वटा पालिकाका २९७ मतदान केन्द्रमध्ये बाँकी मतदान केन्द्रमा भोलि सामग्री प्रदान गरिने जिल्ला निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो। मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट नियुक्तिपत्र बुझेर आएका कर्मचारीलाई सामग्री वितरण थालिएको कार्यालय प्रमुख ढकालले जानकारी दिनुभयो। नियुक्तिपत्रलाई अनलाइन सफ्टवेयरमा प्रविष्ट गरेपछि आवश्यक सामग्री प्रदान गरिने उहाँले बताउनुभयो। कार्यालयबाट ६१ प्रकारका सामग्री वितरण गरिएको छ। मतपेटिका, परिचयपत्र, लाहाछाप, स्ट्याम्पलगायतका सामग्री निर्वाचन कार्यालयबाट उपलब्ध गराइएको छ। निर्वाचन सामग्री बुझेपछि सुरक्षा निकायको निगरानीमा कर्मचारीलाई सम्बन्धित मतदान केन्द्रसम्म लैजाने व्यवस्था मिलाइएको छ। मतदान केन्द्रमा खटिने सबै कर्मचारी वैशाख २७ गते बेलुकासम्म सम्बन्धित मतदान केन्द्रमा पुगिसक्नुपर्नेछ। मतदान केन्द्रमा पुगेपछि सम्बन्धित ठाउँका राजनीतिक दलसँग बैठक, मतदाता परिचयपत्र वितरण, मतदान केन्द्र निर्माण लगायतका काम हुनेछन्। निर्वाचनमा खटिने एक हजार ४८५ मध्ये ८९१ कर्मचारीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट नियुक्ति र तलबभत्ता उपलब्ध गराइएको मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश हरिशचन्द्र ढुङ्गानाले जानकारी दिनुभयो। जिल्लाका मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक, सहयोगी र अन्य गरी दुई हजार ३७६ जनशक्ति परिचालन गरिनेछ। निर्वाचनका लागि २९७ मतदान अधिकृत, २९७ सहायक मतदान अधिकृत, ५९४ सहायक, २९७ सहयोगी परिचालन हुनेछन्। त्यसका साथै मतदान केन्द्रमा ८९१ कर्मचारी नियुक्त गरिएको छ। तनहुँका दुई लाख ४४ हजार ३४० मतदाताले मतदान गर्दैछन्। गत स्थानीय तह निर्वाचनमा भन्दा यसपटक ४९ हजार ८६९ बढी मतदाता थपिएका छन्। विसं २०७४ सालको स्थानीय तह निर्वाचनमा जिल्लामा एक लाख ९४ हजार ४७१ मतदाता रहेका थिए।

# गठबन्धनको पराजय भए मुलुक ठुलो दुर्घट्नामा जान्छ : किसान

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ बैशाख**

नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) का केन्द्रिय सदस्य कृष्णकुमार श्रेष्ठ (किसान) ले वैशाख ३० को निर्वाचनमा गठबन्धनले पराजय भोग्नु परे मुलुक ठूलो दुर्घट्नामा जाने बताएका छन् ।



पोखरा २६ लेखनाथमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै नेता श्रेष्ठले संविधान र संघियता लगायत तमाम उपलब्धिहरुको रक्षाका लागि गठबन्धनका उमेदवारहरुको जित आवश्यक रहेको बताए ।

केपी ओलीको हैकमवाद र अहंकारले संविधान, संघियता र गणतन्त्र धरापमा परेपछि त्यसको रक्षाका लागि आफुहरु नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन गर्दै सयुक्त गठबन्धनमा जाने निर्णयमा पुगेको उनले स्मरण गराए । संविधानलाई सिध्याउने खेलमा लागेको ओली नेतृत्वको प्रतिगमनलाई परास्त गर्नको लागि जिवन मरणको लडाईमा होमिन उनले गठबन्धनमा आवद्ध दलका नेता तथा कार्यकर्ताहरुलाई अपिल समेत गरे । आफ्नै हातले संसदमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई विश्वासको मत दिएर प्रधानमन्त्री बनाएको स्मरण गराउदै नेता श्रेष्ठले वैशाख ३० गतेको निर्वाचनमा कलम चिन्हमा मतदान गर्न नहिचकिचाउन आग्रह समेत गरे । त्यसबेला देउवाको नेतृत्वमा गठबन्धन नगरिएको भए अहिलेसम्म केपि ओलीले संविधान र संघियता समाप्त गरिसकेका हुने उनले बताए ।

नेपाल सरकारका श्रम तथा रोजगार मन्त्री समेत रहेका किसानले नेपाली युवाहरुको श्रम सुरक्षाका लागि आफु निरन्तर खटिरहेको बताउदै अव स्वदेश मै रोजगारीका अवसरहरु सृजना गरिने विश्वास समेत दिलाए । विदेशमा रहेका नेपाली युवाहरुको अवस्था प्रति आफु निकै चिन्तित रहेको उनले बताएका छन् ।



नमूना मतदान : प्रदेश निर्वाचन कार्यालय पोखराको आयोजना र नेपाल पत्रकार महासंघ कास्की शाखाको सहकार्यमा पोखरामा सोमबार आयोजना गरिएको नमूना मतदान कार्यक्रममा मतदान गर्दै सञ्चारकर्मी तथा सर्वसाधारणहरु । तस्वीर : कृष्ण दवाडी, रासस

# म पेशा गर्न होइन सेवा गर्न जान लागेकी हुँ : रानाभाट

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ बैशाख**

पोखरा महानगरपालिका वडा नं. ३२ को चुनावी सभाको सम्बोधन गर्दै उपमेयर उम्मेदवार कोपिला रानाभाटले आफु महानगरमा सेवा गर्न जान लागेको बताइन् ।



उनले पोखरा महानगरपालिका भ्रष्टचारको जालोमा फसेको कारण गठबन्धनले त्यो जालो फाल्नका लागि नेतृत्व लिन जान लागेको बताइन् । 'म कुनै पेशा गर्न होइन सेवा गर्न जाँदै छु । राजनीतिमा बटुलेका अनुभव साट्नका लागि उपमेयरको रुपमा प्रस्तुत गरेकी हुँ', उनले भनिन्," वडा ३२ मा जति विकास हुनुपर्ने भएन त्यसैले यहाँ अध्यक्षमा फेरी एक पटक दोहोरिनुभएको छ ।"

वडा काँग्रेसले जितेपनि महानगरमा एमाले नेतृत्व भएकाले विकासका काम हुन कठिन भएको उनले सुनाइन् । वडाको घोषणापत्र र नगरपालिकाले बनाएको घोषणापत्र साथमा साथ हातमा हात राखेर विकास गर्ने बताइन् । घोषणापत्रमा महिला हक अधिकार सुनिश्चित गरेको उनले सुनाइन् । ६ महिना सम्म सुत्केरी भत्ता र शिशु पोषणभत्ता प्रदान गर्ने उनले बताइन् ।

# समृद्धिका लागि नेपाली कांग्रेसले नेतृत्व लिनु आवश्यक : उपसभापति गुरुङ

**पोखरापत्र संवाददाता**
**वालिङ, २६ बैशाख**

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले मुलुकमा परिवर्तनको लहर र समृद्धिका लागि नेपाली कांग्रेसले नेतृत्व लिनु आवश्यक रहेको बाउनुभएको छ ।

नेपाली कांग्रेस भिरकोट- ८ को ढापुकमा आज आयोजित चुनावी सभालाई सम्बोधन गर्नुहुँदै उहाँले भन्नुभयो, "अब नेपाललाई समृद्ध बनाउने खाकासहित अगाडि बढ्नुपर्ने छ र यहाँका युवा विदेशी मुलुकमा होइन विदेशीलाई यहाँ ल्याउने योजना हामीसित हुनुपर्छ ।"

जता गयो त्यतै भ्रष्टाचार मौलाएको हुँदा यसलाई न्यूनीकरण गर्नतर्फ सचेत नागरिकले खबरदारी गर्नुपर्ने बेला आएको उहाँले बताउनुभयो ।

नेपाल जस्तै गरिबीको सूचीमा रहेका देशले आज विकासमा निक्कै फड्को मारेको उदाहरण दिनुहुँदै यहाँ पनि भ्रष्टाचारको अन्त्य र नेतृत्व तह सुध्रिनुको विकल्प नभएको उहाँले बताउनुभयो ।

# मतदान केन्द्रमा सामग्रीसहित कर्मचारी र सुरक्षाकर्मी खटाइयो

**पोखरापत्र संवाददाता**
**मनाङ, २६ बैशाख**

स्थानीय तह निर्वाचनका लागि हिमाली जिल्ला मनाङमा आवश्यक सामग्रीसहित सुरक्षाकर्मी र कर्मचारी खटाइएको छ ।

स्थानीय तह निर्वाचनका लागि मतदान केन्द्रमा मङ्गलबार बेलुकीसम्म सामग्री पुग्ने गरी सुरक्षाकर्मी र कर्मचारी खटाइएको जिल्ला निर्वाचन कार्यालय मनाङका प्रमुख पुष्पराज शर्माले जानकारी दिनुभयो । जिल्लामा निर्वाचनका लागि आएको मतपत्र, मत पेटिकासहितको ६१ प्रकारका सामग्री निर्वाचन अधिकृतहरूलाई हस्तान्तरण गरी सुरक्षित तवरबाट मतदान केन्द्रमा पठाउन थालिएको उहाँले बताउनुभयो । जिल्लाका दुर्गम स्थानका मतदान केन्द्रमा खटाइएका कर्मचारीले मतदानका लागि मतपेटिका, परिचयपत्र र स्ट्याम्प लगायतका ६१ प्रकारका सामग्री प्रदान गर्दै केन्द्रमा पठाउन सुरु भएको शर्माले बताउनुभयो ।

मनाङमा मतदान अधिकृत र सहायक मतदान अधिकृतहरूलाई सामग्रीसहित जिम्मेवारी प्रदान गर्दै मतदान केन्द्रमा पठाउन थालिएको हो । मतदान अधिकृत, सहायक मतदान अधिकृत, मतदानस्थलमा मतदाता सङ्ख्याका आधारमा स्थानीय पालिकाका कर्मचारी, स्वयंसेवक गरी १४० जना खटाइएको शर्माले बताउनुभयो । उहाँका अनुसार मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट नियुक्तपत्र बुझेर आएका कर्मचारीलाई सामग्रीसहित मतदान केन्द्रमा पठाइएको छ । यस्तै जिल्लामा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित तवरबाट मतदान लागि सुरक्षा व्यवस्था चुस्त बनाइएको र मतदानस्थलमा सोमबारदेखि नै सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले जानकारी दिनुभयो । भयरहित तवरबाट मतदान गराउने प्रबन्ध मिलाइएकाले निर्धक्क साथ मतदानमा सहभागी भएर मतदान गर्न आचार्यले आग्रह गर्नुभयो । निर्वाचनको सम्पूर्ण सुरक्षा व्यवस्थाको जिम्मा नेपाल प्रहरीलाई दिइएको छ । म्यादी प्रहरी, सैनिक र सशस्त्र प्रहरी बलको सहयोगमा प्रहरीले निर्वाचनलाई सुरक्षित बनाउनेछ । मतदान केन्द्रमा म्यादीसहितको प्रहरी परिचालन गरिएको छ भने बाहिरी घेरामा सशस्त्र प्रहरी खटाइनेछ । मतदानस्थल नजिकै सेना परिचालन गरिने उहाँले बताउनुभयो । मतदानस्थलको भौगोलिक अवस्था, अघिल्ला निर्वाचनको गतिविधि, मतदाता सङ्ख्या, स्थानीय नागरिकको अवस्थालाई ध्यानमा राखेर सुरक्षाकर्मीको व्यवस्थापन गरिएको छ । मनाङका चार पालिकामा ६ हजार ४९६ मतदाताले २८ मतदान केन्द्रमा मतदान गर्नेछन् ।


## स्वस्थकर मासु खाऔं, जीवन बचाऔं

मासु बारे:
- याद राखौं ६०% भन्दा बढि मानव रोगहरु पशुपन्छीबाट सर्ने गर्दछ ।
- निरोगी पशुपन्छी मात्रै बध गरौं र चिस्यान सुविधा भएको स्वच्छ र सफा मासु पसलवाट मात्रै मासु खरिद गरौं ।
- सम्भव भएसम्म बधस्थलमा बध गरिएको पशुपन्छीको मासु मात्रै उपभोग गरौं ।
- बध गरेका पशुपन्छीको भित्र्यांश र फोहोर राम्ररी व्यवस्थापन गरौं । वधशालाको फोहोरलाई सिधै पानीको श्रोतमा नफालौं ।
- छाला सहित भन्दा छाला रहित मासु स्वास्थ्यका लागि उपयुक्त हुन्छ भन्ने कुराको हेक्का राखौं ।

माछा बारे:
- माछामा पाइने Omega–3 fatty acid ले मानसिक बिकासमा सहयोग पुर्याउनुका साथै anti–ageing का लागि महत्वपूर्ण रसायनको रुपमा प्रयोग गरिन्छ ।
- यसमा भिटामिन ए र भिटामिन बि २ प्रचुर मात्रामा पाइन्छ ।
- मुटुका बिरामीले समेत दैनिक २ पटक सम्म माछाको उपभोग गर्न सक्दछन् ।
- माछा खरिद गर्दा सकेसम्म जिवित माछा नै खरिद गर्दा बेस हुन्छ ।
- ताजा माछा र बासी माछा छुट्याउने तरिका सबै उपभोक्ताले जानेको बेस हुन्छ ।
- ताजा माछाको गिल्स उज्यालो रातो हुन्छ भने बासी माछाको हकमा खैरो र सिंगान लागेको जस्तो हुन्छ ।
- साथै ताजा माछाको शरिरमा औंलाले थिच्दा गड्दैन भने बासी माछाको हकमा औंला गडेको डाम बस्छ ।

अण्डा बारे:
- सम्पूर्ण पोषक तत्वको एक प्याकेज अण्डाको नियमित सेवन गरौं ।
- प्रोटिन, फ्याट, भिटामिन ए, बि, डि तथा फोसफोरस र सेलेनियम को एउटै भरपर्दो श्रोतका रुपमा अण्डालाई लिइन्छ ।
- दिनको दुईवटा अण्डा सेवन गर्दा शरिरलाई दैनिक चाहिने झण्डै आधा प्रोटिन को परिपूर्ति हुन्छ ।
- बालवृद्ध, गर्भवति, सुत्केरी जस्ता सबै शारिरिक अवस्थाका व्यक्तिका लागि अण्डा सहजै पाच्य प्रोटिनको रुपमा उपलब्ध गराउन सकिन्छ ।
- मासु भन्दा सुपथ मुल्यमा उपलब्ध हुने भएकाले दैनिक उपभोग गर्न सकिन्छ ।
- प्रोटिनको प्याकेज अण्डा, दैनिक दुइटा खानामा तागत र स्फूर्ति बढ्नेछ सधै सबैको ज्यानमा ।

अनुरोधक
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश, पोखरा



## झाडापखाला तथा बान्ताबाट बच्न

- ◆ दूषित खानेपानीको प्रयोग नगरौं,
- ◆ बासी, सडेगलेका तथा झिंगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- ◆ सफासँग हात धोई खाना पकाऔं,
- ◆ खाना खानुअघि साबुनपानीले हात धोऔं,
- ◆ फलफूल तथा सागसब्जी सफा पानीले पाखालेर मात्र खाऔं,
- ◆ स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- ◆ चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिँगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- ● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- ● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- ● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- ● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# बजार अनुगमन हुनै छाड्यो

दूषित र न्यून गुणस्तरको खाद्य वस्तु उत्पादन र बिक्री वितरण गरेको आरोपमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले ६४ उद्योगविरुद्ध मुद्दा दायर गरेको छ। विभागमा परेको उजुरी र विभागले गरेको अनुगमन क्रममा खाद्य ऐन र नियम विपरीत खाद्य वस्तु उत्पादन र बिक्री गर्ने कम्पनी विरुद्ध मुद्दा दायर गरिएको विभाग प्रवक्ता एवम् वरिष्ठ खाद्य अनुसन्धान अधिकृत मोहन कृष्ण महर्जनले जानकारी दिएका छन् ।

मुद्दा दायर भएकामध्ये सबैभन्दा बढी दूध तथा दूधजन्य पदार्थ र खाद्यान्न तथा दलहनका उद्योगहरु छन् । चालु आवको चैत मसान्तसम्म दूध तथा दूधजन्य पदार्थका १३ र खाद्यान्न तथा दलहनका १३ गरी २६ वटा उद्योग विरुद्ध मुद्दा दायर गरिएको छ । यस्तै पिउने पानी र दाना पदार्थको ९-९ वटा उद्योग विरुद्ध पनि विभागले काठमाडौं जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ । यस्तै ससका ५, चियाको ४, मसलाको ५ र खाद्य तेलका २ रहेका छन् । निर्वाचनको बेला उपभोक्ता धेरै ठगिने गरेका छन।नियमन निकायको चासो नहुँदा उपभोक्ता गुणस्तरहीन र अखाद्य सामान बेच्ने बच्ने गरेका छन ।

विभागले ९ महिनाको अवधिमा २ हजार ६ सय ७१ नमूना संकलन गरेर आफ्नो प्रयोगशालामा परिक्षण गरेको थियो । मुद्दा दायर भएकामध्ये २६ वटा मुद्दाहरु दूषित उत्पादनका छन् भने २० वटा मुद्धाहरु उत्पादीत वस्तुको लेवलसंग सम्बन्धित छन् । न्युन गुणस्तर भएका १४ थान मुद्दा दायर गरिएको छ भने खाद्य ऐन विपरीतका ४ वटा छन् । उपभोक्ता नठगिउन भनेर सरकारले सकृयता देखाउनुपर्ने हो ।

चुनावको निहुँ बनाएर मुल्य बढाउने,गुणस्तरहीन र कम तौलका सामान उत्पादन हुने गर्दछाउपभोक्तालाई ठग्ने मौका यही हो भन्नेहरुले उन्मुक्ति पाउदै आएका छन । सर्वोच्च अदालतले उपभोक्ता अदालत गठन गर्ने कानुन बनाउन निर्देशनात्मक आदेश दिएको छामुद्दामा चाँडो फैसला हुने र उपभोक्ताले न्याय पाउने अवस्था सृजना गर्ने सचेत उपभोक्ताको खबरदारी आवश्यक छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : मन चञ्चल | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाव | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'एमालेकै जनप्रतिनीधिले हामीलाई जित्न सजिलो बनाईदिए'

पोखरापत्र संवाददाता
पोखरा, २६ बैशाख

आसन्न स्थानीय निर्वाचनको मिति नजिकिँदै जाँदा पोखरा १७ मा नेपाली काँग्रेस र गठबन्धनको तर्फबाट उम्मेदवारी दिएका उम्मेदवारहरुलाई भ्याईनभ्याई छ । बिहानदेखि साँझसम्म मतदाताको घरदैलोमा पुगेर उनीहरुले आफ्नो पक्षमा मत मागिरहेका छन् ।

सोमबार मात्रै वडा नम्बर १७ का वडा अध्यक्ष उम्मेदवार देवराज आचार्य वडाभित्रै पर्ने एकता टोल, अन्नपूर्णमार्ग, आर्युवेदिक मार्ग, चन्द्रसूर्य टोल लगाएतका स्थानमा घरदैलोमा पुगे । 'घरदैलोमा पुग्दा हामीले वडाको वास्तविक रुप देख्न सक्यौं । घरदैलो यसकारण पनि महत्वपूर्ण छ कि, यसले हाम्रो भोट बढाउने त हुने नै भयो सँगसँगै हामीले सबैको समस्या नजिकबाट जान्न पनि पाउँछौं ।' अध्यक्ष उम्मेदवार आचार्य भन्छन्-'यसले हामीलाई वडाबासी मतदातासँग नजिकिने मौका पनि दिएको छ ।' त्यसो त यो भन्दा अगाडि पोखराको वडा नम्बर १७ मा एमालेका जनप्रतिनीधिहरु चुनिएका थिए । तर ५ वर्षको समयावधीमा जनप्रतिनीधिहरुले जनताले चाल पाउने गरि कुनै पनि काम गरेका छैनन् । एमालेबाट निर्वाचित जनप्रतिनीधिहरुले जनअपेक्षाअनुरुप काम गर्न नसक्दा त्यहाँका मतदाताहरु उनीहरुप्रति रुष्ट छन् ।

विपक्षी दलका उम्मेदवार हरुसँग मतदाताहरु रुष्ट हुनु भनेकै नेपाली काँग्रेस र गठबन्धनका लागि सबैभन्दा ठुलो बल हो । 'जनप्रतिनीधिहरु यति धेरै निकम्मा भए कि, गर्न सकिने सानो भन्दा सानो काम पनि नगरि कानमा तेल हालेर बसे ।' अध्यक्ष उम्मेदवार आचार्य भन्छन्-'फेरि त्यस्तै निकम्मा जनप्रतिनीधिलाई मतदाताले किन मत हाल्ने ?'

# मदिराजन्य पदार्थ बिक्री वितरणमा रोक

पोखरापत्र संवाददाता
दमौली, २६ बैशाख

यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनलाई ध्यानमा राखेर मौन अवधिभर मदिराजन्य पदार्थ बिक्री वितरणमा रोक लगाइने भएको छ ।

जिल्ला प्रशासन कार्यालय तनहुँमा सम्पन्न राजनीतिक दल सहितको सरोकारवालाको बैठकले मौन अवधिभर मदिराजन्य पदार्थ बिक्री वितरणमा रोक लगाउने निर्णय गरेको हो। निर्वाचनलाई भयरहित, निष्पक्ष बनाउने उद्देश्यसहित मौन अवधिको समयमा जिल्लाभर मदिराजन्य पदार्थ बिक्री वितरणमा रोक लगाउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले जानकारी दिनुभयो । साथै बैठकले वैशाख २५ गतेदेखि जेठ ५ गतेसम्म राति ९:३० बजेसम्म मात्र(८८ होटल तथा रेष्टुराँ सञ्चालन गर्न पाउने निर्णय गरेको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सकारात्मक र सहयोगी भूमिका निर्वाह गर्ने जिल्लास्थित राजनीतिक दलका प्रतिनिधिले प्रतिबद्धता जनाएका छन् । निर्वाचनको प्रचारप्रसारको क्रममा उनीहरूले गर्ने सभा तथा ऱ्यालीलगायतका कार्यक्रमको बारेमा स्थानीय प्रशासनलाई जानकारी गराएर तथा त्यस्ता कार्यक्रम गर्दा एउटै बाटो र स्थान प्रयोग नगर्ने निर्णय भएको छ ।

प्रतिनिधिले निर्वाचन आचारसंहिताको पूर्णपालना गर्नुका साथै निर्वाचनलाई शान्तिपूर्ण रुपमा सम्पन्न गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । निर्वाचन विरोधी क्रियाकलाप भइरहेको भेटिए यसको जानकारी प्रहरीलाई दिने निर्णय भएको छ । स्थानीय एफएम, रेडियो र पत्रपत्रिकाले निर्वाचन आचारसंहिताको पालना गरी सूचना सम्प्रेषण गर्ने तथा निर्वाचन विरोधी सूचना तथा विज्ञापन प्रकाशन तथा प्रशारण नगर्ने बैठकमा निर्णय भएको छ । सामाजिक सञ्जालमार्फत कोही कसैप्रति लक्षित गरी गालीगलौज तथा भ्रामक सूचना र निर्वाचन विरोधी सन्देश प्रवाह नगर्ने तथा नगराउने सहमति भएको प्रशासनले जनाएको छ ।

निर्वाचन अवधिभर जिल्लाका लागि आवश्यक पर्ने अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिन उद्योग वाणिज्य सङ्घ, चेम्बर अफ कमर्सलगायतका सङ्घ संस्थाले आवश्यक व्यवस्था मिलाउने भएका छन् ।

# मतदान केन्द्रमा सामग्री ढुवानी

पोखरापत्र संवाददाता
दमौली, २६ बैशाख

आसन्न निर्वाचनका लागि सोमबारदेखि मतदान केन्द्रमा सामग्री पठाउने तयारी गरिएको छ । यसका लागि जिल्ला निर्वाचन कार्यालय तनहुँले सोमबारदेखि मतदान सामग्री दिएर कर्मचारी परिचालन गर्न लागेको हो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले शनिबार नै मतदान केन्द्रमा खटिने मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगीको केन्द्रसहितको विवरण सार्वजनिक गरिसकेको छ। छवटा स्थानीय तहलाई आज र चार वटा स्थानीय तहलाई मंगलबार सामग्री बुझाइने निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार घिरिङ, ऋषिङ, देवघाट, बन्दीपुर र आँबुखैरेनी गाउँपालिका र भिमाद नगरपालिकालाई आज तथा व्यास, भानु, शुक्लागण्डकी नगरपालिका र म्याग्दे गाउँपालिकालाई मंगलबार सामग्री प्रदान गरिनेछ ।

मतदान अधिकृत, सहायक मतदान अधिकृत र कार्यालय सहयोगीको नियुक्ति मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट उपलब्ध गराइने र सहायक कर्मचारीहरूले नियुक्तिपत्र खटिएको स्थानीय तहको निर्वाचन अधिकृतको कार्यालयबाट उपलब्ध हुने कार्यालयले जनाएको छ ।

# पर्वतमा चारदिनका लागि स्थगित बन्द

पोखरापत्र संवाददाता
पर्वत, २६ बैशाख

आसन्न स्थानीय तह निर्वाचनका लागि जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा मंगलबारदेखि चारदिनका लागि बन्द गरिएको छ ।

निर्वाचनका लागि कर्मचारी मतदान केन्द्रमा खटिने तथा अनुगमनलगायत विभिन्न कारणले सेवा प्रवाहलाई निरन्तरता दिन नसक्ने अवस्था भएपछि सेवा स्थगित गरिएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाद्वारा जारी सूचनामा जनाइएको छ । नागरिकता, नाबालक, राष्ट्रिय परिचयपत्र, राहदानी, पेन्सनलगायतका सेवा आगामी जेठ ३ गतेदेखि नियमित हुने जनाइएको छ ।

त्यस्तै जिल्ला मालपोत कार्यालयका सेवा पनि यही वैशाख २७ गतेदेखि बन्द हुने भएका छन् । निर्वाचनमा एक हजार १७६ कर्मचारी परिचालन हुने भएका छन् । यसैगरी जिल्लामा मादक पदार्थ बिक्री वितरण र सेवनमा निषेध गरिएको छ । निर्वाचनलाई लक्षित गरी प्रशासनले वैशाख २७ गते मङ्गलबार राति १२ बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्मका लागि मदिराजन्य पदार्थ बिक्री वितरण तथा सेवन नगर्न नगराउन आदेश जारी गरेको छ । मदिरा सेवनका कारण समाजमा होहल्ला, झैझगडा तथा गैरकानुनी र अपराधिक क्रियाकलाप हुनसक्ने भन्दै मदिरा बिक्री वितरण तथा सेवनमा रोक लगाइएको प्रजिअ सापकोटाले बताउनुभयो । त्यसैगरी मतदानको दिन अत्यावश्यक सेवामा सञ्चालित र अनुमति लिएका सवारी साधनबाहेकका सवारी साधन बिहान ६ बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्म सञ्चालन नगर्न/नगराउन पनि प्रशासन अनुरोध गरेको छ ।

प्रशासनले जारी सूचना विपरितका कार्य तोकिएको अवधिमा गरे/गराईएको पाइएमा कानुन अनुसार कारबाही गरिने समेत प्रजिअ सापकोटाले बताउनुभयो ।

# राँगाले हान्दा मृत्यु

पोखरापत्र संवाददाता
लमजुङ, २६ बैशाख

सुन्दरबजार नगरपालिका-४ का ४४ वर्षीय खुमबहादुर मौरीतो आफैँले पालेको राँगाले हान्दा मृत्यु भएको छ ।

रागोले हानेर गम्भीर घाइते उनको बेंसीशहर स्थित जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि चितवन मेडिकल कलेज भरतपुरमा लैजाने क्रममा बाटोमै मृत्यु भएको जनाइएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक जगदिश रेग्मीका अनुसार राँगाले शनिबार खुमबहादुरकी १९ वर्षीया छोरी रविनालाई समेत घाइते बनाएको थियो । उनीको जिल्ला अस्पतालमा उपचार भइरहेको छ । थप घटना हुन नदिनका लागि प्रहरीले राँगा गोली हानेर मारेको छ । सो राँगोले केही दिनअघिबाटै दिमाग ठीक नभएको सङ्केत गरे पनि आफैंले पालेको राँगोले केही नगर्ला भनेर राँगो समाल जाँदा सो घटना हुन पुगेको स्थानीयवासीको भनाइ छ ।

# कुस्तीका सात खेलाडी छनोट

रासस
काठमाडौं, २६ बैशाख

उन्नाइऔँ एसियाली खेलकुदका लागि कुस्तीतर्फ सुदूरपश्चिम प्रदेशका सात खेलाडी प्रारम्भिक छनोटमा परेका छन् । सुदूरपश्चिम प्रदेशको नौवटा जिल्लामध्ये कञ्चनपुरको महेन्द्रनगरमा मात्रै कुस्तीको नियमित प्रशिक्षण हुँदै आएको छ ।

कञ्चनपुरका कुस्ती प्रशिक्षक राजेन्द्र चन्दले कुस्तीको इतिहासमै पहिलो पटक सातजना खेलाडी एसियालीका लागि प्रारम्भिक चरणमा छनोट हुनु सुदूरपश्चिमका लागि गौरवको विषय भएको बताउनुभयो। उहाँका अनुसार एसियाली खेलकुदको पूर्वतयारीकालागिबन्दप्रशिक्षणअघि काठमाडौँमा प्रारम्भिक छनोट सकिएको छ। जसमा पुरुषतर्फ ७४ केजी तौल समूहमा यहाँका सुरेश चुनारा, महिलातर्फ शिवाङ्गी दुबे, मनिसा सिंह र अम्बिका भण्डारी ५७ किलो तौल समूहमा छनोटमा परेका छन् । त्यसैगरी ६२ किलो तौल समूहमा निर्मला जाग्री, कोमल खत्री र बिमला सुनार छनोटमा परेको प्रशिक्षक चन्दको भनाइ छ । सुदूरपश्चिमबाट यसअघि चार वर्षअघि सुरेश चुनाराले मात्रै एसियाली खेलकुद प्रतियोगितामा भाग लिएका थिए। आगामी भदौमा चीनमा हुने एसियाली खेलकुदमा सुरेशसँगै ६ जना यहाँका महिला खेलाडी सहभागी हुन प्रारम्भिक चरण पार गरेका छन् । प्रशिक्षक चन्दका अनुसार बिमला, मनिषा र कोमल कञ्चनपुरबाट कुस्ती खेल्छन् भने सुरेश, निर्मला र शिवाङ्गी दुबे त्रिभुवन आर्मी क्लबसित आबद्ध छन् । त्यस्तै, अम्बिका भण्डारी सशस्त्र प्रहरी बलको एपिएफ क्लबमा आबद्ध छिन् । जेठमा हुने बृहत् राष्ट्रिय खेलकुद प्रतियोगितापछि एसियाली खेलकुदको बन्द प्रशिक्षण हुने भनिएको छ । "कुस्तीतर्फ परिणामले पनि हेर्नें हो भने सुदूरपश्चिम उर्वरभूमि नै हो", प्रशिक्षक चन्दले भन्नुभयो, "तर विडम्बना न यहाँ कुस्तीको हल छ नत, खेल सामग्री नै ।" अभावका बीच खेलाडीहरूको खेलप्रतिको लगन र मिहेनतले उनीहरू एसियालीसम्म पुगेको उहाँको भनाइ छ । एसियाली खेलकुदको अनुभव बटुलिसकेका कुस्ती खेलाडी सुरेश चुनाराले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रतिस्पर्धा गर्न आफू नियमित प्रशिक्षणमा रहेको बताउनुभयो। "यसअघि पनि एसियाली सहभागिताले धेरै सिक्ने मौका मिलेको थियो", चुनाराले भनुभयो, "अब राष्ट्रियपछि हुने बन्द प्रशिक्षणमा कडा मेहनत गरेर अघि बढ्छौँ ।"

# म्याग्दीमा निर्वाचनको तयारी अन्तिम चरणमा

पोखरापत्र संवाददाता
म्याग्दी, २६ बैशाख

स्थानीय तह निर्वाचनको दिन अर्थात् वैशाख ३० आउन अब ४ दिन मात्र बाँकी रहँदा म्याग्दीमा निर्वाचनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ ।

मतदान केन्द्र र मतदानस्थलमा खटाइने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम दिई मतदानस्थलमा खटाउने तयारी भएको छ भने निर्वाचन सुरक्षा रणनीति पनि तयार पारेर कार्यान्वयनमा ल्याइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । उम्मेदवार र राजनीतिक दलले पनि चुनावीसभा, घरदैलो अभियान र मतदाता शिक्षालाई अन्तिम चरणमा पुऱ्याएका छन् भने मतदाता मतदान गर्ने दिनको पर्खाइमा छन् । निर्वाचनलाई शान्ति र सुरक्षित रुपमा सम्पन्न गर्न जिल्लाभरका ७४ मतदानस्थल र ११४ मतदान केन्द्रलाई लक्ष गरी मतदान र मतदानअघि तथा मतगणनासम्मको अवस्थासम्मका लागि सुरक्षा रणनीति कार्यान्वयन ल्याइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

निर्वाचनमा खटिने कर्मचारीलाई तालिम दिएर सम्बन्धित कार्यक्षेत्रमा खटाउन लागेको जिल्ला निर्वाचन कार्यालयका अधिकारी भीमप्रसाद घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार ७४ स्थानका ११४ मतदान केन्द्रमा एक मतदान अधिकृत र एक सहायक मतदान अधिकृत, ११४ मतदान केन्द्रमा २१९ सहायक कर्मचारी एवं प्रत्येक केन्द्रमा एक/एक कार्यालय सहयोगी खटाइने तयारी रहेको छ । निर्वाचन सम्पन्न गराउनका लागि ५६१ कर्मचारी खटाइएको र प्रत्येक केन्द्रमा तीन जनाका दरले स्वयंसेवक मतदान अधिकृत तोक्ने मुख्य निर्वाचन अधिकृत तेजनारायण पौडेलले बताउनुभयो । उहाँका अनुसार जिल्लामा ९६ हजार थान मतपत्र एवं निर्वाचनका लागि आवश्यक सम्पूर्ण सामग्री आइपुगेको छ । मतदान अधिकृतलाई नियुक्ति दिएपछि मतदानस्थलका लागि आवश्यक सम्पूर्ण सामग्री बुझाएर मतदान केन्द्रतर्फ पठाइने तयारी भएको छ ।

जिल्लामा १५ स्थानका ३० मतदान केन्द्र अति संवेदनशील, ४९ स्थानका ७२ मतदान केन्द्र समेदनशील र १० स्थानका १२ मतदान केन्द्र सामान्य गरी वर्गीकरण गरिएको प्रमुख जिल्ला अधिकारी चीरञ्जीवी रानाले जानकारी दिनुभयो । कूल ७४ स्थानका ११४ मतदान केन्द्रमा ४१ हजार ४१४ पुरुष, ४३ हजार ९६० महिला र एक अन्य गरी कूल ८५ हजार ३७५ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । म्याग्दीमा रहेको छ वटा स्थानीय तहका ४५ वडामध्ये धौलागिरि गाउँपालिका-१, गुर्जामा निर्विरोध भएसँगै अन्य ४४ वडामा वडाध्यक्ष, छ वटा स्थानीय तहका १२ प्रमुख, उपप्रमुख र प्रत्येक वडामा चार सदस्य गरौ कूल २३२ पदका लागि ७१८ जना चुनावी प्रतिस्पर्धामा छन् ।

जिल्लाका छ वटा स्थानीय तहको प्रमुखमा २९ उपप्रमुखमा २३ उम्मेदवार छन् । अब निर्वाचन हुन बाँकी ४४ वडाध्यक्षका लागि १४८ र ८८ खुल्ला सदस्यका लागि २७३, ४४ महिला सदस्यका लागि १२४ र ४४ दलित महिला सदस्यका लागि ११६ जना चुनावी मैदानमा रहेका जनाइएको छ । धौलागिरि तथा अन्नपूर्ण गाउँपालिका र बेनी नगरपालिकामा मात्रै सामान्य गठबन्धन भए पनि मालिका, मङ्गला र रघुगङ्गा गाउँपालिकामा भने एकल प्रतिस्पर्धा हुँदैछ । जिल्लामा ४३ हजार ९६० महिला, ४१ हजार ४१४ पुरुष र एक अन्य गरी कूल ८५ हजार ३७५ मतदाता छन् ।


# अर्जेन्ट चाहियो

'New Branch'
**अफिसको लागि**
**साधारण लेखपढः ३ जना**
+ 2 above : ८ जना
SLC: ५ जना
तलबः १२,५०० देखि १८,५०० सम्म
**सम्पर्कः**
९८०६५४८०४९
९८५६०३२३५१


# लडेर मृत्यु

पोखरापत्र संवाददाता
बागलुङ, २६ बैशाख

बागलुङमा भिरबाट लडेर सोमबार एक जनाको मृत्यु भएको छ । जिल्लाको काठेखोला गाउँपालिका-४ तङ्ग्रामका ५५ वर्षीय जगबहादुर किसानको घर नजिकैको भिरबाट लडेर मृत्यु भएको प्रहरीको भनाइ छ । यही वैशाख २५ गते सम्पर्कविहीन हुनुभएका किसान खोजतलासको क्रममा सोमबार बिहान मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिनुभयो ।

मादक पदार्थ सेवन गरेर हिँड्नेक्रममा लडेर मृत्यु भएको र घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

